क. दैनिक रुपमा आवश्यक्ता अनुसार समायोजन गर्न र अरु थप प्रगति गर्नलाई क्षेत्रिय रुपमा अगुवापनको टिमलाई भेला गर्नुहोस् ।

**<u>पठाउनु</u>**

***१२. अरु क्षेत्रहरुमा सहायता पठाउने विचार गर्नुहोस्***

क. तपाईंको राष्ट्रमा अरु ठाउँहरु खोज्नुहोस् जहाँ तपाईंले त्यही काम गर्नका लागि अरु क्षेत्रहरुलाई उत्साह र सहायता गर्नका लागि मूख्य अगुवाहरु पठाउन सक्नुहुन्छ ।

***१३. बोलावट भएकाहरुलाई र अरु राष्ट्रका अति प्रभावकारीहरुलाई  पहिचान गर्ने, तालीम दिने र पठाउने काम गर्नुहोस्***

क. यो सबैको बिचमा तपाईंले थोरै मानिसहरुलाई दर्शन पाएको, तालीम प्राप्त, र सहजकर्ताको रुपमा धेरै प्रभावकारी पाउनुहुनेछ । तिनीहरुलाई त्यही काम गर्नका लागि अरु राष्ट्रहरुमा भएका मण्डलीहरुलाई सहायता गर्न पठाउनलाई कदम चाल्नुहोस् ।

# अगुवाहरुको पहिचान गर्नु

"आफ्नो राष्ट्रको लागि परमेश्वरको हृदय छुने अगुवाहरु खोज्नु !"

मूख्य अगुवाहरुको पहिचान गर्नलाई अगुवाहरुलाई एस सी पी सिद्धान्तहरुको नयाँ विचारहरु हालिदिइरहेका छौं र तिनीहरु समाबेस भएका सेवकाईको आयाम दिइरहेका छौं । यो एउटा जाँच गर्ने प्रश्नहरु  सुन्ने र सोध्ने प्रकृया हो जसले हामीलाई तल दिइएको विचारलाई पूण रुपले मूल्याङ्कन गर्न सहायता गर्नेछ ।

**अगुवाहरुको मूल्याङ्कनः**

हामी यस्ता अगुवाहरु खोजिरहेका छौं जसले सिद्धान्तहरुलाई र हामीले समर्थन गरेका मूय मान्यताहरुलाई मूर्त रुप दिन्छन् । हामीले खोजिरहेका मूख्य विचार वा पक्षहरु निम्न छन् :

१. के अगुवासँग कुनै दर्शन छ ? अगुवाको हृदयदेखिको चाहना के हो ? (१तिमोथी २:३–६; मत्ती १८: १२–१४; २पत्रूस ३:९) । परमेश्वरसँग मिलाप गर्नका लागि हरेक पुरुष, महिला तथा बालबालिकाहरुका लागि एकै रुपको परिणाम वा नतिजा छ ?

२. तिनीहरुको आफ्नै शब्दमा परमेश्वरको मिशन पूरा गर्नको लागि आबश्यक बाइबलीय सिद्धान्तहरुलाई अगुवाले कसरी व्यक्त गर्दछन् ? ( मत्ती २८: १८–२०; २कोरिन्थी ५:१८) ।

३. अगुवा धर्मशास्त्रद्धारा पहिले नै वा धेरै अगाडिबाट नै बाँधिएको छ ? तिनीहरु त्यस बन्धनमा छन् भन्ने कुरा तिनीहरुको जीवनमा तिनीहरुले पाएको ज्ञान र त्यस ज्ञानको प्रयोग तिनीहरुले कसरी गरिरहेका छन् भन्ने कुनै प्रमाण छ ?

४. के उनी एकल अगुवा हुन् वा उनको वरिपरी अरु पनि अगुवाहरु छन् ? परमेश्वरको मिशन पुरा गर्नलाई उनले पाएका वरदानहरु त्यति महत्वपूर्ण छैनन् र उनलाई अरुहरुको आवश्यक्ता छ भनेर बुझेका कुनै प्रमाणहरु छन् ?  ५

५. मण्डलीभित्र र संसार दुवैमा अगुवाहरुले प्रभाव पारेको कुरा के हो ? अगुवाको लोकप्रियता कस्तो छ ?

६. के त्यहाँ शिक्षण गर्न सकिने र लचकताको कुनै छनक छ ? के अगुवाले अरुहरुबाट सिक्न सक्छन् ? के त्यहाँ अझ धेरै सिकेर बढ्नुपर्छ भन्ने चाहना छ ?

**सेवकाईको मूल्याङ्कनः**

हामीले अँगालेका सिद्धान्तहरुलाई शरीरको सेवकाईले कसरी महशुस गर्दछ ? मूख्य पहिचानकहरुः

१. एन्टिओक मण्डलीका ७ वटा बिशेषताहरुसँग कुन कुन पक्षहरु अति नै एकरुप छन्: लक्षित क्षेत्र, मूल्य मान्यताहरु, सशक्तिकरण, विकेन्द्रत, अगुवाहरुको गुणनात्मक बृद्धि, मण्डलीको साझेदारीता, मिशनहरु ?

२. के सेवकाई सुसमाचार प्रचार र मण्डली स्थापना गर्ने कार्यमा स्थीर छ ? यो भित्रैदेखि केन्द्रित छ कि बाहिरी रुपमा मात्रै केन्द्रित छ ? तिनीहरुको आर्थिक कोषमा यो कुरा स्पष्ट छ ?

३. मण्डलीको सेवकाई भित्र र बाहिर कति प्रतिशत अगुवाहरुले काम गरिरहेका छन् ?

४. सी एस पी लाई घटाउन खोज्ने के कस्ता परंपराहरु र अभ्यासहरु छन् ?

शुरुको समयदेखि नै परमेश्वर मिशनको काम गर्दै हुनुहुन्छ, र उहाँले त्यो मिशनको कामलाई उहाँको धर्मशास्त्रमा प्रमाणित गरिदिनुभएको छ । त्यसैकारण, हाम्रो काम भनेको ती व्यक्तिहरुलाई खोज्नु हो जसले परमेश्वरको मिशनमा आफ्नो जीवनलाई एकै रुपले लगाउनका लागि पहिल्यैबाट दर्शन पाइसकेका छन् । यी अगुवाहरु आफ्नो भौगोलिक स्थानहरुमा परमेश्वरको हृदयलाई लिएर जानका निम्ति एकदम तयार र सक्षम छन् किनभने तिनीहरुले कुनै संघसंस्थाको एजेन्डालाई होईन तर परमेश्वरको मण्डलीका लागि उहाँको योजनालाई पछ्याईरहेका छन् ।

# एस सी पी को बारेमा शिक्षा दिनका लागि ३ वटा रुपरेखाहरु

यी ३ वटा रुपरेखाहरु दर्शन, मण्डली र अगुवापन जस्ता बिषयहरुलाई समेट्दै एस सी पी का सुधारात्मक सन्देशको फराकिलो विचार प्रदान गर्नका लागि निर्माण गरिएको हो। यीनिहरुमध्ये प्रत्येक रुपरेखाले कम्तिमा पनि चार घण्टाको प्रशतुतिलाई समेट्छन् र ३ वटा भिन्ना भिन्नै व्यस्तताहरुलाई मध्य नजर गरेर प्रश्तुत गर्न निर्माण गरिएका छन्। श्रोताहरुको हृदयमा यी सन्देशहरु पुर्याउने अभिप्रायले यीनिहरुलाई प्रयोग गरिएको छ। यसको मूल्यलाई विचार गर्ने उपयुक्त समय आएपछि यसप्रति चाहना राख्नेहरु औपचारिक रुपमा एस सी पी को यात्रामा निश्चय नै अघि बढ्नेछन्।

## मोडुल १ –"दर्शन हालिदिनु"

**<u>भाग १ –परिणामः परमेश्वरको मिशन</u>**
संसारभरी नै मण्डलीको जीवनमा उत्साहको समय।

- मण्डली इतिहासको कुनै पनि समयमा भन्दा बढी मानिसहरुले आफुलाई येशू ख्रीष्टका अनुयायीहरु भनेर भन्दछन्।
- ठूलो प्रतिशत अपाश्चात्यहरु भएको।

भारतजस्ता राष्ट्रहरुमा हामीले परमेश्वरको हात उहाँको मण्डलीमा भएको देखेका छौं र २५ वर्षदेखि यता हेर्ने हो भने यो बिश्वासै गर्न नसकिने बृद्धि हो।
भारतको मण्डली इतिहास र अगाडि आईपर्ने चुनौति
१९८५–१२५,००० मण्डलीहरु, ३०,००० कार्यकर्ताहरु (सेवकहरु) – ९०० एम मानिसहरु
९००के मण्डलीहरुको आवश्यक्ता (हरेक १००० मानिसहरुका लागि १ मण्डलीको पहुँच भएको)
२००३–३४५,००० मण्डलीहरु, १२५,००० कार्यकर्ताहरु वा सेवकहरु, १बि मानिसहरु
२०१२–७००,००० मण्डलीहरु, १.२ बि मानिसहरु, १.२ एम मण्डलीहरुको आवश्यक्ता भएको
२०३०–१.६ बि मानिसहरु, १.६ एम मण्डलीहरुको आवश्यक्ता भएको

**–दर्शन हालिदिने २ वटा प्रश्नहरु**
१) परमेश्वरले के चाहनुहुन्छ ?
२) यदि तपाईंको जीवन कालमा परमेश्वरले चाहनु भएको जस्तै काम उहाँले गर्नुभयो भने त्यो कस्तो देखिन्छ होला ?

परमेश्वरले हरेक पुरुष, महिला तथा बालबालिकाहरुले बारम्बार सुसमाचार देख्न, सुन्न र छुन मौका पाएको होस् भन्ने चाहनुहुन्छ।
(मत्ती १८:१२–१४, १तिमोथी २:३–६, २पत्रुस ३:९)

परमेश्वरको मिशन––मिलापको सेवकाई (२कोरिन्थी ५:१६–२०)
कसलाई मिलाप गराउने सेवकाई ?
हामीलाई उहाँले के का लागि सृष्टि गर्नुभएको हो भन्ने कुरा उत्पत्ति १ अध्यायमा पाईन्छ।

**<u>संबन्ध</u>** र **<u>प्रतिनिधित्व</u>** (प्रतिनिधित्वको परिभाषाः प्रतिनिधि त्यो व्यक्ति हो जसले उसलाई दिएको अधिकार अनुसार बोल्छ र काम गर्छ।)

**<u>भाग २– राष्ट्रको परिवर्तन गर्नका लागि परमेश्वरले कस्तो प्रकारको मण्डलीलाई प्रयोग गर्नुहुनेछ ?</u>**

३ वटा दृढ प्रकारको विश्वासहरु भएको मण्डली:
परमेश्वरले जे गर्न चाहनुहुन्छ, उहाँले त्यो निम्न कुराहरुद्धारा गर्न चाहनुहुन्छ.....
१) खीष्टका सबै मानिसहरुद्धारा

- मण्डलीमा भएका हरेक पुरुष, महिला तथा बाल बालिकाहरुद्धारा
  –पुरानो करारको मन्दिरको साटो नयाँ करारको मण्डली – हामी जहाँ जहाँ जान्छौं परमेश्वर त्यहाँ जानुहुन्छ ।
- शहरमा भएको हरेक मण्डलीद्धारा ।
  –खीष्टको शरीर बिभाजन हुँदैन – कुनै पनि ठाउँमा परमेश्वरको पुरै मिशन पुग्नका लागि यसले खीष्टको पुरै शरीरलाई लिएर जान्छ ।

२) बिकेन्द्रिकृत बनौटहरुद्धारा

- मानिसहरुले मण्डलीको ४ दिवार बाहिर तिनीहरुको आफ्नो ९० प्रतिशत समय परमेश्वरको उपस्थितिलाई लिएर हिंडदछन् । त्यो समयमा तिनीहरु के गरिरहेका हुन्छन् त ?
- पुरानो करारको साटो नयाँ करार–जाओ र भन, आओ र हेर होइन ।
- **<u>कहिं पनि</u> <u>जान</u>** वा **<u>आउन</u>** नभएर देख्न, सुन्न र प्रतिकृया दिन बारम्बार मौका दिइएको छ ।

३) अगुवापन जसले तिनीहरुको पहिलो प्राथमिकताको रुपमा मानिसहरुलाई सशक्त गर्दछन् र त्यो भन्दा पनि धेरै तिनीहरुले आफुले पाएको वरदानलाई महत्व दिएर अभ्यास गर्दछन् । (एफिसी ४:११,१२)

- मण्डली सेवकाईको बिषय होइन बरु यो त मानिसहरुलाई परिचालन गर्ने बिषय हो......संसार चाहिं सेवकाईको बिषय हो ।
- हामीलाई मण्डलीको कार्यक्रम संचालन गर्नका लागि तालीम दिइएको हो, तर हामी बिना उहाँको मिशनमा परमेश्वरका मानिसहरुलाई कसरी सहजकार्य गर्दछौं ?

**भाग ३–हामीले बनाएका चेलाहरुको सफलतालाई पुनःपरिभाषित गर्नु**

हामीले संसारमा परमेश्वरका मानिसहरुलाई उहाँको सेवकाईमा सफलता पुर्वक सशक्तिकरण गरिरहेका छौं भनेर कसरी जान्ने ?

- हामी सफलतालाई कसरी परिभाषित गर्छौं ?
  –धेरै मानिसहरु, धेरै रुपैंया पैसा, खुशी भएका मानिसहरु ।
- हामीले सफलतालाई कसरी परिभाषित गर्नुपर्छ ?

कुरा गरेर मिलाउन नसकिने ५ वटा मूल्य मान्यताहरु र येशू खीष्टका अनुयायीहरु भनिने मानिसहरुको बढ्दो बिशेषताहरु

––निम्न कुराहरु हुनु––

१) परमेश्वरसँग हाम्रो घनिष्टता बढ्नु – मत्ती २२:३६–४०
२) पवित्र आत्माको फलमा परिपक्क हुनु –गलाति ५:१६–२३, यूहन्ना १५

––सामग्रीहरु––

३) हाम्रो अनुग्रहको कथा भन्नु – प्रेरित ४:१३–२०
४) हाम्रो आत्मिक वरदानहरु अभ्यास गर्नु –१कोरिन्थी १२
५) हाम्रो जीवनको भण्डारेपन–कलस्सी १:१५–१७

––गर्नु––
एन्टिओकको मण्डली–हामीलाई परमेश्वरले राख्नु भएको ठाउँमा भएको सफलतालाई पुनः परिभाषित गर्नु ।

–– एक मण्डली, एक मिशन (नतिजाः सुसमाचार सिञ्चाई–सुसमाचारको पुनःप्रश्तुति र इ एम डब्ल्यु सी घोषणा)

यात्रामा सहभागी हुन निमन्त्रणा
मण्डली र अगुवापन सुधार संबन्धि बुझ्नका लागि संपर्क गर्नुहोस् ।

## मोडुल २ –"मण्डली"

**खण्ड १–**पुनराबृत्तिः
१. तपाईंको राष्ट्मा मण्डलीको इतिहास
२. नतिजाः
परमेश्वरले के चाहनुहुन्छ......?
परमेश्वरले जे चाहनु भएको छ त्यो यदि उहाँले गर्नुभयो भने कस्तो देखिनेछ ?

३. एस सी पी का तीनवटा मूल्य मान्यताहरुः
परमेश्वरले जे गर्न लागि रहनु भएको छ, त्यो उहाँले निम्न कुराहरुद्धारा गर्नुहुनेछ .........
खीष्टका सबै मानिसहरु
बिकेन्द्रिकृत बनौट
पहिलो प्राथमिकताको रुपमा मानिसहरुलाई सशक्तिकरण गर्ने अगुवापन

**खण्ड २ –** मण्डली किन ?

**एफिसी २ः११–१८ परमेश्वरले के गरिरहनु भएको थियो ?**
**त्यसबेलाः पद १२–** संझनु पर्ने ५ वटा कुराहरुः
१. खीष्टबाट अलग – (प्रतिज्ञा गरिएको मसिह)
२. इस्राएलको नागरिकबाट अलग पारिएका –(परमेश्वरको जाति)
३. प्रतिज्ञाको करारहरुका लागि बिदेशीहरु – (लिखित वचन)
४. आशा बिहिन –(भविश्य नभएको)
५. संसारमा परमेश्वर बिहिन –(परमेश्वरबाट बिरानो भएका)

**अहिलेः**
पद १३– "तर तिमीहरु, जो त्यसबेला खीष्ट येशूबाट टाढा थियौ, अब खीष्टको रगतले नजिक भएका छौ ।"

***परमेश्वरसँग मिलाप भएको एउटा नयाँ मानिस***
***मण्डली उहाँको हो र यो उहाँकै स्वामित्वमा छ !***

पद १५– "...यी दुईको सट्टामा उहाँले आफैंमा एउटा नयाँ मानिस सृष्टि गर्ने उहाँको उद्धेश्य थियो, पद १८ किनकि उहाँद्धारा नै हामी दुबैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं ।"

**एफिसी २ः १९–२१ परमेश्वरले यो काम कसरी गरिरहनु भएको थियो ?**
परमेश्वरका हातका कामहरुलाई वर्णन गर्ने ४ वटा अलंकारहरुः
१. राष्ट पद १९ – "....तिमीहरु अब बिदेशी र प्रबासी होइनौ, तर सङ्गी–नागरिकहरु भएका छौ....।"
२. परिवारका सदस्यहरु पद १९ –".....र परमेश्वरको परिवारका सदस्यहरु ।"
३. निर्माण पद २१ –"उहाँमा पूरै घर....।"
४. मन्दिर पद २१ –"प्रभुमा पवित्र मन्दिर हुनलाई बढ्दैजान्छ ।"

***बाटोमा उहाँको आत्मालाई राख्नु***

✶ त्यहाँ एउटा ब्यक्तित्वकरण पनि गरिएको छ पद २२ "उहाँमा तिमीहरु पनि..," र सामूहिकीकरण पनि गरिएको छ पद २१ "उहाँमा पूरै घर..." जसलाई परमेश्वरले एकसाथ जोड्नु भएको छ र बढ्दै जान्छ; पद २२ "जो परमेश्वरको बासस्थान हुनलाई एकसाथ निर्माण भएर बढ्दैजान्छ ।"
✶ अर्को शब्दमा भन्नु हो भने, हामी खीष्टमा **भएर** काम **गर्न**का लागि सृष्टि गरिएका हौं ।

**एफिसी ३ः १०–११ परमेश्वरले यो काम किन गरिरहनु भएको थियो ?**
**५ वटा अवलोकनहरुः**
१. अघिबाटै योजना गरिएको

पद ९ –“.....सबै कुरा सिर्जनुहुने परमेश्वरमा युग युगदेखि लुप्त रहेका रहस्य । पद १० –उहाँको अभिप्राय (एकवचन)....।”
२. आज बाँडनका लागि एउटा साधन
पद १०–“.....यसरी मण्डलीद्धारा अहिले........।”
३. असंख्य अभिब्यक्तहरु
पद १०–“.....परमेश्वरका बिभिन्न किसिमको बुद्धि......प्रकट गरियोस् ।”
४. स्वर्गीय श्रोतागणहरुलाई
पद १० –“......स्वर्गीय स्थानहरुमा भएका शासकहरु र अख्तियारवालाहरुका माझमा,”

***प्रकट गरिएको अनुग्रह***

५. किनकि खीष्ट येशूमा एउटा अनन्त उद्धेश्य पूरा भएको छ
पद ११–“.......उहाँको अनन्त उद्धेश्य अनुसार जो हाम्रा प्रभु खीष्ट येशूमा उहाँले पूरा गर्नु भएको छ ।”

निष्कर्ष:
“संसारमा परमेश्वरले जे गर्न लागिरहनु भएको छ, त्यो उहाँले खीष्टका सबै मानिसहरुद्धारा गर्न लागिरहनु भएको छ ।”

**<u>खण्ड ३</u>** – सफलतालाई नाप्ने पाँचवटा नयाँ तरिकाहरु र उत्तरदायित्वको दायरा
उहाँको मानिसहरुको जीवनमा मण्डलीको सफलता संकल्पित छ–

१. के तिनीहरु आफ्नो पूजाहारीपनको अभ्यास गर्न र स्वर्गीय पितासँगको घनिष्टतामा बढ्नलाई सशक्त पारिएका छन् ?
२. के परमेश्वरको आत्माले तिनीहरुलाई दिनुभएको संपूर्ण आफन्तहरुलाई अनुग्रहको कथा भन्न तिनीहरु सशक्त पारिएका छन् ?
३. के तिनीहरुले आफुले पाएका आत्माका वरदानहरुलाई चिनेका छन्, र हप्ताको सातै दिन/दिनको २४ सै घण्टा ती वरदानहरुलाई प्रयोग गर्नका लागि तिनीहरुलाई सशक्त पारिएका छन् ?
४. के तिनीहरु आफ्नो जीवनमा आत्माको फलको प्रमाण र बृद्धिद्धारा गुणनात्मक स्पष्टताको नापमा बढिरहेका छन् ?
५. के तिनीहरुले आफ्नो जीवनलाई भण्डारे बनाईरहेका छन् र परमेश्वरको राज्यका लागि संपत्ति भइरहेका छन् ?

*उत्तरदायित्वको दायरा* – के तिनीहरुले परमेश्वरले तिनीहरुमा हालिदिनु भएको मापनयोग्य प्रभाव संसारमा पारिरहेका छन् ?

**गृहकार्य**
तपाईंको एन्टिओक मण्डलीको चित्रण गर्नहोस् र त्यसलाई बर्णन गर्नुहोस् ।
१. जनसंख्या
२. मण्डलीहरुको संख्या
३. जनसंख्याको आँकडा पत्ता लगाउनु

हरेक १००० जना मानिसहरु भएको मण्डली हुनलाई तपाईं कतिवटा मण्डलीहरु स्थापना भएको देख्न चाहनुहुन्छ ?
अबको १० बर्षमा कतिजनाको लागि तपाईं परमेश्वरमा विश्वास गर्न सक्नुहुन्छ ?

## मोडुल ३–"अगुवापन"

**<u>खण्ड १</u>**

हरेक झूण्डले बाँडचुँड गरेका कुराहरु सुन्दै एक घण्टा बिताउनुहोस्;

१. एस सी पी सामग्रीहरुको प्रयोग गरेर कस कसले काम गरिरहेका छन् ?
२. कतिवटा अध्यायहरुमा तिनीहरुले काम गरिसकेका छन् ?
३. परमेश्वरले तिनीहरुलाई के देखाउनु भएको छ –बिशिष्ट किसिमका अवलोकनहरु ?
४. तिनीहरुले देखेका बाधाहरु के कस्ता छन् ? तिनीहरुका प्रश्नहरु के के हुन् ?

परिचय–स्मरणकर्ता

१. एउटा मिशन – हरेक पुरुष, महिला, तथा बालबालिकाहरु
२. एस सी पी सिद्धान्तहरुः
    क. परमेश्वरले संसारमा जे गर्न लागिरहनु भएको छ......ख्रीष्टका सबै मानिसहरु ।
    ख. परमेश्वरले संसारमा जे गर्न लागिरहनु भएको छ......विकेन्द्रिकरणको बनौट ।
    ग. परमेश्वरले संसारमा जे गर्न लागिरहनु भएको छ......सशक्तिकरण गर्ने अगुवापन् ।
३. पाँचवटा मूल्य मान्यताहरु –सफलताका नयाँ मापनहरु
४. उत्तरदायित्वको दायरा

अगुवापन संबन्धि ईश्वरशास्त्रको पुनराबृत्ति

*"अगुवापनको बारेमा आज हामीले जे अभ्यास गरिरहेका छौं, त्यो परमेश्वरले आफ्नो शरीर अर्थात मण्डलीका लागि जे परिकल्पना गर्नु भएको थियो त्यसको बाइबलीय ब्याख्या भन्दा पनि बढी परंपराको परिणाम हो, तर पनि महत्वपूर्ण कुरा यो पनि होइन कि हामीले नयाँ करारको बनौटलाई वा शीर्षकलाई आत्मसात गर्दछौं तर हामीले त परमेश्वरले आफ्ना अगुवाहरुका लागि चाहना गर्नु भएको त्यो **"हृदय"**लाई आत्मसात गर्दछौं ।"*

बाइबलीय अगुवापनको परिभाषा दिने धर्मशास्त्रका ४ वटा खण्डहरुः

एफिसी ४: ११–१२ –उद्धेश्य

- अगुवापनका दुईवटा अवधारणाहरु
    - येशूका वरदानहरु (कार्यहरु)
    - पवित्र आत्माका वरदानहरु (आत्मिक वरदानहरु)

१ कोरिन्थी १२: ७–२७–प्रकृति

- नयाँ करारमा भएको प्राथमिक अलंकार "शरीर"को रुपमा छ (अरु बगालहरु, भवन, दुलाहा)
- जब हामी अगुवापनको बारेमा कुरा गर्दछौं, तब यसको प्रकृति मण्डलीको जस्तै हुनुपर्दछ ।

१ कोरिन्थी १२: ४–६ –नमूना

- शरीरमा जे हुन लागिरहेको छ त्यसको नमूना त्रिएक हो ।

मत्ती २०: २०–२८ –मनोवृत्ति

**<u>खण्ड २ – उद्धेश्य</u>**

१) एफिसी ४: ११–१२–उद्धेश्य

पद ११–धेरैले यिनीहरुलाई "वरदानहरु" वा "शक्ति"का उपाधिहरुको रुपमा परिभाषित गरेका छन् तर त्यो भन्दा पनि धेरै सहि ब्याख्या भनेको "भूमिकाहरु"को हो ।


क. एकतामा अनेकता
ख. मण्डलीको ऐतिहासिक आदर्श
    अ. इतिहासका कार्यहरुको तोडमोडः
        १. क्याथोलिक ....."कार्यहरु"
        २. पेन्टिकोष्टल/क्यारेस्म्याटिक...."वरदानहरु"
ग. कसरी हरेक भूमिका, वा त्यहाँको आवश्यक्ताले मण्डलीको जीवन र सेवकाईलाई असर पार्दछ ?

**<u>५ वटा कार्यहरुः</u>**

प्रेरित......बिस्तार.....हामीलाई अगाडि बढाईरहन्छ
अगमबक्ता....संसोधन..... हामीलाई शुद्ध पारिरहन्छ
प्रचारक.....बिस्तार....हामीलाई भनिरहन्छ
पाष्टर......दया.....हाम्रो वास्ता गरिरहन्छ
शिक्षक.....सत्य......हामीलाई सत्यतामा जरा गाडिएको बनाई रहन्छ

द्वन्द:

जसरी दिनबाट रात फरक हुन्छ, त्यसरी नै प्रेरित पाष्टरभन्दा फरक हुन्छन् ।



मानिसहरु ———————————————————————— कार्य

पद १२– पद ११ भन्दा यति धेरै महत्वपूर्ण छ कि जसद्धारा हरेक अगुवाले परमेश्वरका मानिसहरुलाई ३ वटा कुराहरुमा सशक्त बनाउने तिनीहरुको भूमिकालाई बुझ्छन्:

क. परमेश्वर पितासँग घनिष्टता

ख. तिनीहरुको अनुग्रहका गवाहीहरु बुझ्नु र प्रयोग गर्नु

ग. परमेश्वरले तिनीहरुको बाटोमा ल्याईदिनु भएका जुनसुकै र सबै संबन्धहरुमा तिनीहरुका वरदानहरुलाई बुझ्नु र प्रयोग गर्नु ।

प्रश्नहरु:

- सबै वरदानहरु को सँग छन् ?
- कुनचाहीं धेरै महत्वपूर्ण छ ?
- तपाईंलाई कुन कुराको चाहीँ आवश्यक्ता छैन ?
- पाष्टरहरु र शिक्षकहरुद्धारा नियन्त्रण गरिएका तर अरु कुनै कुराहरुमा संबन्ध नभएका ती मण्डलीहरुलाई के हुन्छ ?

एफिसी ४: ११–१२ अगुवापनको भूमिका

*यि कुराहरुले प्रभावकारी अगुवापनको लागि समन्वय गर्दछौं !

| कार्यहरु | वरदानहरु |
|---|---|
| प्रेरित<br>अगमवक्ता<br>प्रचारक<br>पाष्टर<br>शिक्षक | प्रशासन–विस्तृत<br>संस्था–बनौट<br>व्यवस्थापन–मानिसहरु<br>अगुवाई–भविश्य |

यस अगुवापनको ईश्वरशास्त्रका व्यवहारिक प्रयोगहरु

१. अगुवापन गुणनात्मक छ

२. सान्दर्भिक रुपमा उपयुक्त छ

**<u>खण्ड ३ – प्रकृति र नमूना</u>**

२) १ कोरिन्थी १२:८–२७, अगुवापनको प्रकृति अर्थात स्वभाव–शरीरको प्रथम सदस्यहरु दोस्रो अगुवाहरु

शरीरको प्रकृतिको ५ वटा बिशेषताहरु:

क. वरदानहरु हरेक ख्रीष्टियनको लागि हुन् (बालबालिकाहरुको लागि समेत)

ख. वरदानहरु “संयुक्त” भलाईका लागि दिईएको छ

ग. वरदानहरुले अनेकतामा एकताको महत्वलाई प्रश्तुत गर्दछन्

घ. वरदानहरु पवित्र आत्माद्धारा दिईएका हुन्

ङ. शरीरमा यि वरदानहरुलाई जुन ठाउँमा प्रयोग गरिएको छ त्यो परमेश्वरद्धारा नै निर्णय गरिएको छ ।

३. १कोरिन्थी १२:४–७, त्रिएक नै अनेकतामा एकताको नमूनाको रुपमा

क. शरीरभित्र वरदानहरु, भूमिकाहरु, र क्षेत्रहरुको परिभाषा दिने कुरामा हरेक ब्यक्तिसँग त्रिएकले कसरी काम गर्नुहुन्छ ?

ख. मोशाको (प्राचिन)

क. वरदानहरु बिभिन्न किसिमका छन् तर आत्मा एउटै हुनुहुन्छ

ख. सेवा बिभिन्न किसिमका छन् तर प्रभु एउटै हुनुहुन्छ

ग. प्रभाव बिभिन्न छन् तर पिता एउटै हुनुहुन्छ

*<u>एउटा ब्यक्तिको रुपमा तपाईंको लागि ४ वटा भागहरु:</u>*




**<u>खण्ड ४</u>**

४) मत्ती २०:२०–२८–मनोबृत्ति

क. येशूबाट अगुवापनको ईश्वरशास्त्र

१.येशू राज्य स्थापना गर्नको लागि आउनुभएको थियो भनेर चेलाहरुले विश्वास गरेका थिए ।

२. संसारमा हेर्नुहोस् –तलदेखि माथि; तपाईंहरुको बीचमा त्यसरी होईन !

३. यदि तपाईं अगुवा बन्न चाहनुहुन्छ भने:

क. सेवक

ख. दास

ग. मर्नुभयो–तपाईंलाई जीवन दिन तयार हुनुभयो ।

# <u>दुरदर्शन</u>

*कुनै स्थानीय मण्डलीको उत्तरदायित्वको दायराबाट टाढै रहेर परमेश्वरले यस संसारमा जे गर्न लागिरहनु भएको छ, त्यो उहाँले मण्डलीहरुको स्रोतहरुद्धारा पवित्र आत्माको अगुवाई र आन्तरिक स्रोतहरुद्धारा गरिरहनु भएको छ।*

# दुरदर्शनका कदमहरु

१. संसारमा यो मण्डलीले लगानी गरेको परमेश्वर चाहनुहुन्छ । प्रार्थनाद्धारा यसलाई अगाडि बढाउन परमेश्वरलाई अनुमति दिनुहोस्–अगुवाको रुपमा परमेश्वरको हृदय जुन मानिसहरुका लागि छ तिनीहरुका लागि मानिसहरुलाई प्रार्थना गर्न समय लिनुहोस् र तिनीहरुलाई चुनौति दिनुहोस् । मण्डली र अगुवाहरु मिलेर तलका हरेक कदमहरुको लागि निरन्तर प्रार्थना गर्नुहोस् ।

२. मण्डलीभित्रका संयोजनहरु के कस्ता छन् भनि अनुसन्धान गर्नुहोस्– परमेश्वरले आफ्ना मानिसहरुलाई दिनुभएका सबै प्राकृतिक संयोजनहरुको सूची बनाउन थाल्नुहोस्:

अ. जुन सेवकाईहरुसँग तिनीहरुले काम गरेका छन् वा सपोर्ट गरेका छन् ।

आ. अरु देशमा भएका तिनीहरुका मित्रहरु र तिनीहरु जाने मण्डलीहरु ।

इ. परमेश्वरले प्रभाव पार्नु भएका संसारका कुनै राष्ट्रहरु वा क्षेत्रहरु ।

ई. मण्डलीमा प्रवल भएका भाषाहरु र राष्ट्रियताहरु ।

३. अनुसन्धान–प्रथम दुईवटा कदमहरुद्धारा परमेश्वरले कसरी अगुवाई गर्दै हुनुहुन्छ भन्ने एउटा मूल्याङ्कन गर्नुहोस् । धेरै प्रतिज्ञा गरिएका संयोजनहरुको अनुसन्धान गर्ने योजनाको चित्रण गर्नुहोस् ।

४. पहिचान गर्नुहोस्–एन्टिओक संबन्धि अरु मण्डलीहरु"को खण्डमाझैं त्यस्तै किसिमका कदमहरुलाई प्रयोग गर्दै त्यस्ता ठाउँहरु खेज्नुहोस् जहाँ तपाईले एस सी पी को नतिजा ग्रहण गर्ने अगुवाहरु र बनौटहरुलाई पाउनुहुने छ ।

५. निर्णय गर्नुहोस् र योजना बनाउनुहोस् –प्रार्थना सहित परमेश्वरले तपाईंलाई कहाँ प्रयोग भएको चाहनुहुन्छ त्यसको लागि मण्डलीको हैसियतले निर्णय वा संकल्प गर्नुहोस् । दर्शन र मूख्य लक्ष्यहरुको रुपरेखा दिने १ बर्षे, ३बर्षे र ५ बर्षे योजनाका तल दिइएका क्षेत्रहरुमा आधारित भएर लगानी गर्ने योजना निर्माण गर्नुहोस् ।

६. अगुवापनका साथ सहयोग गर्नुहोस् – एस सी पी को यात्रा गर्ने ठाउँमा अगुवाहरुलाई कसरी सहजकार्य गर्नुहुनेछ , त्यस कुराको लागि अगुवापन, समय र रुपैंया पैसाको साथ प्रतिबद्धता जाहेर गर्नुहोस् । तिनीहरुले यात्राको प्रकृयालाई अगाडि बढाउदै गर्दा अगुवाहरुले आवश्यक पुरक रणनीतिहरु दिन तिनीहरुले कति सहयोग र तालीम दिनेछन् भनि निर्णय गर्नु पर्नेछ ।

७. मण्डलीबाट मानिसहरु दिएर सहायता गर्नुहोस्–अगुवापनले सकृय भएर दूरदर्शनको साझेदारी गर्न शुरु गर्दै गर्दा त्यो आन्तरिक नमुनाभित्र कसरी र कहाँ भन्ने प्रश्नहरु सोध्ने कुरा तिनीहरुको रणनीतिहरुका प्रभावकारितालाई बढाउन छोटो अवधिको लागि टिमहरु पठाउने काममा मण्डली सहभागी हुनसक्छ । संबन्धहरुको लागि दिइएका परिपक्क मौकाहरुको समयले स्वभाविक रुपमा दुबैतिर मानिसहरुले पाएको वरदान र तृष्णाद्धारा विकसित हुनलाई तिनीहरु आफैंलाई प्रकट गर्न सहायता गर्नेछ ।

८. श्रोत साधनहरुका साथ सहायता गर्नुहोस् –रुपैंया पैसा, तालीमका सामग्रीहरु, खाना, लत्ताकपडा, औषधिहरु, ईत्यादीहरु सबै ती मौकाहरु हुन् जसले संसारका बिभिन्न क्षेत्रमा भएका परमेश्वरका मानिसहरुद्धारा उहाँले जे गरिरहनुभएको छ, त्यस बिषयमा सहजकार्य गर्ने तरिकाको रुपमा आफैंलाई प्रश्तुत गर्न सक्छन् । विदेशी भूमिमा एस सी पी को सहजकार्य गर्न एउटा ठूलो सहायता वा बाधा हुन सक्ने श्रोत साधनहरु कसरी संकल्प र निर्धारण गरिन्छन् । मण्डलीको योजना हुनैपर्छ जसले मिशनका गल्तिहरुको प्रकृतिको हिसाब लिन्छ ।

**परिशिष्ट**

**ब्यक्तिगत आत्मिक वरदानहरुको विश्लेषण**

यहाँ भएका केही कथनहरु उस्तै किसिमले वा समान किसिमले देखा परेका हुन सक्छन् । कृपया तिनीहरुलाई नोट गर्नुहोस् । तिनीहरुलाई नमूनाद्धारा त्यसरी नै शब्द चयन गरिएको छ । तपाईसँग मिल्ने कथनमा भएका तल दिइएका पृष्ठहरुका अंकहरुमा गोलो घेरा लगाउनुहोस् ।

० संबन्धित छैन

१ संबन्धित छ, तर थोरै, कहिलेकाहिं मात्रै

२ कहिलेकाहिं संबन्धित छ

३ प्रायगरि धेरैजसो संबन्धित छ

० १ २ ३ १. परमेश्वरको काम पूरा भएको देख्नलाई परिश्रम र जोश भएको ।

० १ २ ३ २. अधिकारपूर्ण रुपले र परमेश्वरको तरिकाले परमेश्वरको सत्यतालाई घोषणा गर्छ ।

० १ २ ३ ३. अविश्वासीहरुलाई गवाही दिन ठूलो आश्यिक्ता र चाहना भएको ।

० १ २ ३ ४. अविश्वासीहरुको झूण्डको बृद्धिका लागि जिम्मेवारी लिने हृदय भएको ।

० १ २ ३ ५. बाइबल अध्ययन गर्ने बलियो चाहना भएको ।

० १ २ ३ ६. अरुहरुलाई सहायता गर्ने चाहना भएको ।

० १ २ ३ ७. अरुहरुलाई सहायता गर्न तयार हुने ।

० १ २ ३ ८. परमेश्वरको काममा दिनलाई आफुलाई खुशी भएको पाउँछ ।

० १ २ ३ ९. मानिसहरुले पछ्याउन चाहने खालको ब्यक्ति ।

० १ २ ३ १०. सहानुभुतिको उच्च बिवेक भएको -महशुस गर्न सक्ने क्षमता भएको) । आफैंलाई अर्को ब्यक्तिको जुत्ताभित्र हाल्न सक्ने चाहना भएको ।

० १ २ ३ ११. नयाँ कामहरु स्थापित गर्न परमेश्वरद्धारा बोलावट भएको छ भन्ने पक्का निश्चित भएको ।

० १ २ ३ १२. परमेश्वरको निम्त निडरताकासाथ बलियोसँग खडा भई सत्यताको लागि संझौता नगरी प्रेम गर्ने ।

० १ २ ३ १३. हराएकाहरुको लागि गहिरो बोझ भएको ।

० १ २ ३ १४. मानिसहरुसँग काम गर्न धैर्य भएको ।

० १ २ ३ १५. वचनको खोजी गर्न खुशी हुने ।

० १ २ ३ १६. हेरविचार पुर्याउनुपर्ने कुराहरुलाई सजिलै देख्ने

० १ २ ३ १७. उसले भनेको कुराको लागि वा त्यसको बिरुद्धमा मानिसहरुले एकदम बलियो गरी प्रतिकृया दिन्छन् ।

० १ २ ३ १८. उदार ।

० १ २ ३ १९. अरुहरुलाई आफ्नो बलियो पक्ष र बिश्वास प्रकट गर्दछ ।

० १ २ ३  २०. अरुहरुको भावनामा एकदम संबेदनशील हुन्छ ।

० १ २ ३  २१. परमेश्वरको कामको लागि अधिकार स्थापना गर्न असामान्य परिस्थितिहरुमा पनि आवश्यक पर्ने कुरा गर्नको लागि परमेश्वरमा गहिरो गरी बिश्वास वा भरोसा गर्ने ।

० १ २ ३  २२. पश्चाताप नगर्नेहरुका लागि दण्डाज्ञा र न्याय हुनेछ भनि सन्देश ल्याउन चाहना भएको । दुष्टको मुकावला गर्न नहिच्किचाउने ।

० १ २ ३  २३. आफ्नो विश्वास अरुहरुलाई बाँड्न सजिलो मान्ने ।

० १ २ ३  २४. खाँचोमा परेका मानिसहरु, बिशेष गरेर चोट पाएका मानिसहरुप्रति संबेदनशील ।

० १ २ ३  २५. परमेश्वरको वचनको सत्यतालाई मान्यता दिन ठूलो चाख भएको

० १ २ ३  २६. निःश्वार्थी स्वभाव भएको, जसले अरुहरुलाई सहायता गर्ने खालका कामहरु गर्न मन पराउँछ ।

० १ २ ३  २७. प्रायः मानिसहरु उनीतर्फ खिचिएका हुन्छन् र उनमा नै भरोसा गर्दछन् किनभने तिनीहरु उनी सहानुभुतिका साथ सुन्ने र सहयोगी छन् भन्ने ठान्दछन् ।

० १ २ ३  २८. उनी सार्बजनिक सुचनाबिना नै भौतिक स्रोतहरु दिन मन पराउँछन् ।

० १ २ ३  २९. उनी आक्रमणशील हुन अग्रसर हुन्छन् । दिईएको अवस्थाको कार्यभार जिम्मा लिन्छन् ।

० १ २ ३  ३०. शारीरिक वा मानसिक रुपमा कष्ट भोगिरहेकाहरुलाई भेटघाट गर्न जान आनन्दित हुन्छन् ।

० १ २ ३  ३१. धेरै वरदानहरु भएको, एक वा त्यो भन्दा बढी अरु पनि अगुवापनको वरदानहरु भएको ।

० १ २ ३  ३२. मानिसहरुलाई सच्याउने काममा प्रायः कार्य कौशलताको अभाव भएको ।

० १ २ ३  ३३. अविश्वासीहरुलाई ख्रीष्टमा जित्ने चाहना भएकोले तिनीहरुप्रति आकर्षित हुने ।

० १ २ ३  ३४. अरुहरुको फाईदाको लागि आफैंलाई बलिदानी पूर्बक दिईहाल्ने ।

० १ २ ३  ३५. परमेश्वरको मानिसहरुका लागि उहाँको वचन प्रभावकारी ढंगमा संचार गर्नसक्ने क्षमता भएको ।

० १ २ ३  ३६. ब्यवहारिक रुपमा आफ्नो बुद्धिको प्रयोग गर्ने ।

० १ २ ३  ३७. आशावादी मनोबृत्ति र ब्यवहारद्धारा मानिसहरुलाई खुशी पार्न अग्रसर हुने ।

० १ २ ३  ३८. अरुले उपेक्षा गरेका आर्थिक खाँचोहरुलाई प्रायः देख्ने गर्दछन् ।

० १ २ ३  ३९. निराशा र कठिनाईलाई भन्दा अगुवापनको पदमा आफुलाई आनन्दित भएको पाउँछन् ।

० १ २ ३  ४०. बिरामी भएका वा कष्ट भोगिरहेकाहरुका लागि आशा जगाईदिने काममा आनन्दित र पूर्ण भएको आफुलाई पाउँछन् ।

० १ २ ३  ४१. नयाँ परिस्थितिहरुको सामना गर्ने क्षमता भएको ।

० १ २ ३  ४२. कुन कुरो ठीक हो र कुन कुरो गलत हो भनि परिभाषित गर्न बिश्वासयोग्य ।

० १ २ ३  ४३. सुसमाचार अर्थात ईसाई मतको ए बि सी मा केन्द्रित हुन अग्रसर ।

० १ २ ३  ४४. आत्मिक अगुवाको रुपमा परिचित भएको ।

० १ २ ३  ४५. धर्मशास्त्रलाई सही प्रकारले र स्पष्ट रुपमा ब्याख्या गर्ने काममा असाधारण ।

० १ २ ३  ४६. अनुकुल रुपमा अरुहरुले धेरै राम्रोसँग मन पराई रहेका हुन भनि चाहना राख्ने ।

० १ २ ३  ४७. एकदम कडाका साथै अत्याधिक मात्रामा कोमल हुन सक्ने । गहिरो आशियक्ताको तहमा भएको व्यक्तिलाई भेट्न ठूलो महत्व राख्ने, चाहे त्यो हप्काउने, सच्याउने, उत्साह दिने वा सान्तवना दिने कुरामा नै किन नहोस् ।

० १ २ ३  ४८. आर्थिक रुपमा आशिष दिने परमेश्वरको क्षमतामा ठूलो विश्वास भएको । त्यसकारण आनन्दका साथ र बलिदानी पूर्वक तुरुन्तै दिने काम गर्ने ।

० १ २ ३  ४९. कठिन परिस्थितिबाट चुनौति पाएको र उसले ती परस्थितिहरुको सामना गर्ने तरिका पाउँछ ।

० १ २ ३  ५०. चोटलाई हटाउन र चोट पाएकाहरुलाई निको पार्न बलियो चाहना भएको ।

० १ २ ३  ५१. दृढताका साथ कुनै पनि कुराहरुद्धारा कुनै कुरालाई हेर्ने संकल्प भएको ।

० १ २ ३  ५२. मानिसहरुको चरित्र र मनसायहरुलाई पत्तो लगाउने क्षमता भएको ।

० १ २ ३  ५३. खीष्टिय सन्देशको सामान्य बर्णन गर्न सक्ने क्षमता भएको ।

० १ २ ३  ५४. लक्ष्य प्राप्तिका लागि मानिसहरुलाई त्यो लक्ष्यप्रति प्रेरित गरेर काम गर्न लगाउने क्षमता भएको ।

० १ २ ३  ५५. धर्मशास्त्रको अर्थ गहिरो गरी जान्ने असाधारण क्षमता भएको ।

० १ २ ३  ५६. आलोचनात्मक नभई अरुहरुको कुरा सुनिदिने ।

० १ २ ३  ५७. सान्तवना नपाएकोलाई सान्तवना दिने र सान्तवना पाएकालाई अझ सुविस्ता दिने ।

० १ २ ३  ५८. प्रशस्त रुपैयापैसा कमाउने क्षमता प्राप्त गर्न अग्रसर हुने ।

० १ २ ३  ५९. "पर्दा पछाडि" काम गर्नु भन्दा "पर्दा अगाडि" आएर अरुहरुलाई अगुवाई गर्ने, प्रेरणा दिने, उत्प्रेरणा जगाई दिने र चुनौति दिने काममा आनन्दित हुने ।

० १ २ ३  ६०. दुःख कष्टमा परेकाहरुलाई सहायता गर्न समय, रुपैंयापैसा तथा स्रोत साधनहरु उपलब्ध गराईदिने उत्कट चाहना भएको ।

० १ २ ३  ६१. परमेश्वरले चाहनु भएको काम के हो भनि थाहा पाउने क्षमता भएको र त्यो काम गर्न कुनै डर नमान्ने ।

० १ २ ३  ६२. दुष्टताको पवित्र बिरोध गर्ने वा दुष्टतालाई घृणा गर्ने ।

० १ २ ३  ६३. बाइबलमा धेरै ब्यबहारिक पहुँच भएको । ईश्वरशास्त्र वा सिद्धान्तका बिवादास्पद मुद्धाहरुको बारेमा बिवाद गर्न र चिन्तन गर्न प्रशस्त समय लिने मानिसहरुसँग निरास हुने ।

० १ २ ३  ६४. बिश्वासीहरुको आत्मिक भलाईको लागि गहिरो वास्ता गर्ने ।

० १ २ ३  ६५. कुनै पनि कुराहरु भनन वा तिनीहरुको बारेमा बर्णन गर्ने उत्तम तरिकाहरुको बारेमा धेरै राम्रोसँग बिश्लेषण गर्न निरन्तर वास्ता गर्ने ।

० १ २ ३  ६६. सानो काम गर्दा पनि ती कामहरु राम्रोसँग गरेको भनि आनन्दका साथ त्यसको श्रेय नलिइकन गर्ने चाहना भएको र उसले त्यो काम कसैको लागि सहयोग गरेको हो भनि मानिलिन्छ ।

० १ २ ३  ६७. आत्मिक उदासिनतामा परेकाहरुलाई चुनौति दिन कुनै संकोच नमान्ने ।

० १ २ ३  ६८. ठूलो बिश्वास भएको ब्यक्ति ।

० १ २ ३  ६९. आफ्नो उद्धेश्य र लक्ष्यमा पुग्न चाहने मानिसहरुलाई सहायता गर्नका लागि बिशेष वास्ता गर्ने ।

० १ २ ३  ७०. खाँचोमा परेकाहरुसँग ठूलो धैर्यत ागर्न सक्ने ।

० १ २ ३  ७१. सुसमाचार नपुगेका मानिसहरुकहाँ सुसमाचार पुर्याउने कुरा देख्ने बाहेक अरु कुनै पनि कुरामा सन्तुष्ट हुन नसक्ने, भित्रैबाट अभिप्रेरित भएको ।

० १ २ ३ ७२. परमेश्वरको ख्याति तथा कार्यक्रमको लागि गहिरो वास्ता भएको ।

० १ २ ३ ७३. स्वतन्त्र आत्मा हुनलाई अग्रसर । बोर्ड र कमिटीको कामसँग सजिलै निरास भइहाल्ने ।

० १ २ ३ ७४. कमिटी, संस्था आदिमा अगुवाको रुपमा प्राय गरेर उठाईएको ।

० १ २ ३ ७५. धर्मशास्त्रको उसको आफ्नो पहुँचमा आत्म अनुशासन र उद्धेश्यमा हुनका लागि अग्रसर हुने ।

० १ २ ३ ७६. अरुहरुको सामुमा (बिशेष गरेर झूण्डको सामुमा) शर्म र निरोधक हुने डर भएको ।

० १ २ ३ ७७. हैरान भएका, दुर्व्यसनमा परेका, दोषी, र दुख कष्ट पाइरहेकाहरुलाई बुद्धिमानीपुर्वक परामर्श दिन सक्ने क्षमता भएको ।

० १ २ ३ ७८. आफ्नो रुपैयापैसा राम्ररी चलाउन सक्ने जसले उसलाई उदारतापुर्वक दिन सक्ने बनाउँछ ।

० १ २ ३ ७९. आशावादी हुन अग्रसर हुन्छ । कठिनाईहरु भन्दा पनि संभावित कुराहरुप्रति कुनै पनि कुराहरु कतिको केन्द्रित हुनसक्छन् भनेर हेर्न सक्षम हुन्छन् ।

० १ २ ३ ८०. राम्ररी सुन्ने ।

० १ २ ३ ८१. अरु संस्कृतिका मानिसहरुसँग काम गर्ने क्षमता भएको र संवेदनशील ।

० १ २ ३ ८२. टुटेको हृदय भएका मानिसहरुलाई दोषी ठहराउनका लागि आफैं टुट्ने अनुभव लिन चाहना भएको ।

० १ २ ३ ८३. भावनाद्धारा अभिप्रेरित हुन अग्रसर भएको ।

० १ २ ३ ८४. अनुशासनलाई कायम राख्ने र मानिसहरुको विचमा आदेश दिने क्षमता भएको ।

० १ २ ३ ८५. कठिन किसिमका बाइबलीय सत्यताहरु अरुहरुलाई बुझाउन सक्ने क्षमता भएको ।

० १ २ ३ ८६. अधिनमा बस्ने आत्मा भएको ।

० १ २ ३ ८७. अरुहरुलाई परमेश्वर खोज्न र परमेश्वरको राज्यका लागि सेवा गर्न तिनीहरुका वरदानहरु प्रयोग गर्नका लागि अभिप्रेरणा दिने क्षमता भएको ।

० १ २ ३ ८८. आफैंलाई खाँचो परेको बूलामा समेत अरुहरुलाई दिने चाहना भएको ।

० १ २ ३ ८९. बाइबलीय उद्धेश्यहरु पूरा गर्ने कामप्रति अरुहरुलाई अगाडि बढाउने क्षमता भएको ।

० १ २ ३ ९०. उद्धेश्य (मन केन्द्रित) भन्दा समर्पणता (हृदय केन्द्रित)मा बढी केन्द्रित हुन अग्रसर हुने ।

० १ २ ३ ९१. परमेश्वरको कामको लागि बुद्धिमानी पूर्वक अगुवाहरु छान्ने क्षमता भएको ।

० १ २ ३ ९२. मौखिक रुपमा उहाँको सन्देश प्रश्तुत गर्न आवश्यक, बिशेष गरेर सही र गलत छुट्याउने कुराहरु संबन्धि ।

० १ २ ३ ९३. महान आज्ञा पूरा गर्न जोश भएको ।

० १ २ ३ ९४. उसले मानिसहरुको बिचमा प्रभाव पार्न प्रयास गर्छ जस्तो कि उसप्रति उसको बारेमा मानिसहरुले जेसुकै सोचुन र उसको लागि मानिसहरुले काम गरुन् भन्ने चाहन्छ ।

० १ २ ३ ९५. दिइएको परिस्थितिको सामना गर्न धर्मशास्त्रका खण्डहरुद्धारा अगुवाई गरेर आत्मिक भोजन खुवाउन क्षमता भएको ।

० १ २ ३ ९६. अगुवाहरुको काममा तिनीहरुलाई उन्मुक्ति दिन छिट्टै सहायता गर्ने ।

० १ २ ३ ९७. कामहरु पुरा गर्न हतार भएको ठान्ने र अरुहरुलाई पनि त्यसै गर्न त्यस बारेमा बताउने इच्छा भएको । अरुहरुलाई सकृय रुपमा सहभागी हुन प्रेरित गर्छ ।

० १ २ ३  ९८. खाँचो पूरा गर्नलाई दिन पाउँदा आनन्दित हुन्छ ।

० १ २ ३  ९९. निर्देशन दिने बलियो ज्ञान भएको । ऊ कहाँ जान चाहन्छ (परमेश्वरको अगुवाको अधिनमा भएर) र कसरी त्यहाँ पुग्ने भनेर जान्दछ ।

० १ २ ३  १००. भावनाहरुको आधारमा निर्णय गर्न ध्यान दिने ।

० १ २ ३  १०१. नयाँ कामको लागि दर्शन भएको । भइरहेका सेवकाईहरुलाई मात्र व्यवस्थित गर्नुपर्छ भन्दा निराश हुने ।

० १ २ ३  १०२. जबर्जस्ती गर्ने व्यक्तित्व भएको ।

० १ २ ३  १०३. ख्रीष्टमा अरुहरुलाई डोर्याउने कुरा उसको लागि स्वभाविक हुन्छ ।

० १ २ ३  १०४. झुण्डका समस्याहरु सजिलै देख्न सक्छ र तिनीहरुलाई सहायता गर्ने जिम्मेवारीलाई स्वीकार गर्दछ ।

० १ २ ३  १०५. सत्यलाई प्रश्तुत गर्नुभन्दा सत्यको खोज अनुसन्धान गर्ने कुरामा ठूलो आनन्द मनाउँछ ।

० १ २ ३  १०६. अगुवापनको भूमिकामा भन्दा समर्थन गर्ने भूमिकामा आफैंलाई हेर्दछ ।

० १ २ ३  १०७. धर्मशास्त्रमा व्यवहारिक पहुँच भएको । ख्रीष्टियनहरुले परमेश्वरको सत्यतालाई लागु गरेको हेर्न चाहने ।

० १ २ ३  १०८. परमेश्वरले उसलाई अचम्म तरिकाले प्रायः स्रोतहरु जुटाइदिएर आशिष दिनुहुन्छ ।

० १ २ ३  १०९. कठिनाईहरुद्धारा अरुहरुलाई परिचालन गर्ने क्षमता भएको ।

० १ २ ३  ११०. हतोत्साहित भएकाहरुलाई आकर्षित गर्ने र तिनीहरुलाई बुझ्ने ।

० १ २ ३  १११. असंभवलाई पनि परमेश्वरले संभव तुल्याउनुहुन्छ भन्ने ठूलो बिश्वास भएको ।

० १ २ ३  ११२. पूर्ण तवरले झुण्डको खाँचो देख्न र के गर्न आवश्यक छ, त्यो गर्नका लागि खडा हुन उत्कट चाहना राख्न अग्रसर भएको ।

० १ २ ३  ११३. आउढिचको बारेमा उत्साहित र जिविकोपार्जन गर्ने कामको बारेमा मात्र लाग्ने कुराको लागि प्रायः निरुत्साहित हुने ।

० १ २ ३  ११४. अधिकार पाएको व्यक्तिको रुपमा आफुलाई हेर्ने ।

० १ २ ३  ११५. कहिलेकाहिं बलियो रुपमा प्राबिधिक तवरले बलियो हुने ।

० १ २ ३  ११६. पर्दा पछाडिबाट सहायता उपलब्ध गराएको परिणामस्वरुप प्रभावकारिताको गहिरो तहलाई अनुभव गर्ने अर्को व्यक्तिलाई देख्ने कुरामा गहिरो सन्तुष्टि पाउँछ ।

० १ २ ३  ११७. झुण्डमा सार्थक हुनका लागि अग्रसर हुन्छ ।

० १ २ ३  ११८. किन्ने र खर्च गर्ने काममा बुद्धिमानी पूर्वक काम गर्ने क्षमता भएको ।

० १ २ ३  ११९. अरुहरुका लागि असंभव देखिएका कुराहरु संभव बनाउन सक्छु भन्ने पक्का बिश्वास भएको ।

० १ २ ३  १२०. सजिलैसित बातचित गर्न सक्ने ।

० १ २ ३  १२१. अनेकताको लागि गहिरो तारिफ गर्न अग्रसर हुने ।

० १ २ ३  १२२. परमेश्वरको सन्देशले काम गर्छ भन्ने कुरामा लागि पर्ने ।

० १ २ ३  १२३. मित्रवत् र निर्गामी हुनलाई अग्रसर हुने ।

० १ २ ३  १२४. बिश्वासीहरुलाई ख्रीष्टमा बढ्न सहायता गर्ने खालका धर्मशास्त्रका खण्डहरु र पदहरुमा तिनीहरुलाई अगुवाई गर्दै खुवाउने काम गर्ने ।

० १ २ ३ १२५. सिक्नका लागि अरुहरुलाई उत्प्रेरणा दिने क्षमता भएको ।

० १ २ ३ १२६. उनले गरेका कडा परिश्रमहरुका लागि जस्तै अरुहरुले गरेका परिश्रमको तारिफ गर्दा आपत्ती नजनाउने ।

० १ २ ३ १२७. वस्तुगत भन्दा बढी बिषयगत कुराको लागि अग्रसर हुने ।

० १ २ ३ १२८. अरुहरुलाई दिने बिषयमा पनि प्रेरणा दिने तरिका खोज्दछन् । आफ्नै उदाहरणद्धारा उनले अरुहरुलाई दिने बारेमा चुनौति दिन्छन् ।

० १ २ ३ १२९. अरुहरुमा भएका क्षमताहरु पहिचान गर्न क्षमता प्राप्त गर्न अग्रसर हुन्छन् र अरुहरुलाई तिनीहरुका क्षमताहरु प्रयोग गर्ने तरिकाहरु पत्ता लगाउन सहायता गर्छन् ।

० १ २ ३ १३०. प्रायः गरेर अरुहरुसँग बलियो हुन आफुलाई कठिन पाउँछन् । कुनै पनि चोट लाग्ने किसिमका महशूसहरुलाई बेवास्ता गर्न कोशिस गर्छन् ।

० १ २ ३ १३१. महान आज्ञालाई अति गंभिर रुपमा लिन्छन् । निरन्तर रुपमा सुसमाचार बाहिर लैजाने तरिकाहरु खोजी गर्छन् ।

० १ २ ३ १३२. जीवन र यसका समस्याहरुको बारेमा हल्का हृदयको हुनेभन्दा धेरै चिन्तित हुन अग्रसर हुन्छन् ।

० १ २ ३ १३३. अबिश्वासीहरु जहाँ छन् त्यहाँ गएर तिनीहरुलाई सुसमाचार बाँड्छन् ।

० १ २ ३ १३४. परमेश्वरको बाटोबाट भौंतारिएकाहरुलाई पुनर्स्थापना गर्ने कुरामा वास्ता गर्छन् र उनी त्यस्तो गर्ने क्षमता भएका छन् ।

० १ २ ३ १३५. बिषयवस्तुमा ठूलो जोड दिने ।

० १ २ ३ १३६. आफुलाई दिइएको काम गर्दा अर्को ब्यक्तिलाई इन्चार्जको रुपमा पाउँदा बढि सुबिधा भएको महशूस गर्ने ।

० १ २ ३ १३७. प्रायः परामर्श र निर्देशन वा अगुवाईको लागि विचार गर्छन् ।

० १ २ ३ १३८. परमेश्वरले मात्र उत्तम कार्य गर्न सक्नुहुन्छ भनि विचार गर्छन् । उब्रिएको कुरा मात्र परमेश्वरलाई दिनुपर्छ भन्ने कुरामा सन्तुष्ट हुँदैनन् ।

० १ २ ३ १३९. भविश्यप्रति केन्द्रित हुन्छन् । कुनै पनि कुराहरु कसरी हुन सक्छन् भन्ने कुरा निरन्तर सोचिरहन्छन् । हामी सबैले हाम्रो पूर्ण संभावनाहरुमा पुग्नुपर्छ भनि वास्ता गर्छन् ।

० १ २ ३ १४०. जहाँ खाँचो भएको देखिन्छ त्यहाँ नाई वा हुँदैन भन्न आफुलाई कठिन् पाउँछन् ।

० १ २ ३ १४१. उनी अधिकार पाएका ब्यक्ति हुन् जसलाई अरुहरुले अगुवाको रुपमा हेर्दछन् ।

० १ २ ३ १४२. यदि उनका कोहि मित्रहरु छन् भने, तिनीहरुमाथि प्रभुत्व जमाउने र आफ्ना् ब्यक्तित्वको पहिचान गराउन अग्रसर हुन्छन् ।

० १ २ ३ १४३. गवाहीको परिणामको अनुभव गर्छन् । उनले बाँडेको गवाहीको परिणामस्वरुप मानिसहरु ख्रीष्टमा आउने कुरा उनको लागि सामान्य हुन्छन् ।

० १ २ ३ १४४. आत्मिक परिपक्कताप्रति बफादार भई काम गर्न मानिसहरुलाई अनुरोध गर्ने कदम चाल्न मन पराउने ।

० १ २ ३ १४५. परमेश्वरको सत्यताको लागि गहिरो प्रेम भएको र त्यो सत्यतालाई अध्ययन गर्ने ।

० १ २ ३ १४६. अरुहरुलाई सहायता गर्ने मौका खोज्ने जसले गर्दा परमेश्वरको काम प्रभावकारी र उपयोगी रुपमा हुनसक्छ ।

० १ २ ३ १४७. अधिकारका साथ बोल्ने ।

० १ २ ३ १४८. सेवकाईमा दिने काम गरेर भाग लिइरहेको आफुलाई पाउने ।

० १ २ ३ १४९. कठिनाईहरु, एक्लोपन तथा असमझदारीको नियमित संभावनाहरु भएता पनि अगुवापनको अभ्यास गर्दा आनन्दित हुने ।

० १ २ ३ १५०. अरुहरुले बेवास्ता गरेका मानिसहरुप्रति खिचिन्छन् ।

० १ २ ३ १५१. अरुहरुलाई निर्देशन दिइरहन र तिनीहरुका लागि निर्णय गर्न आनन्दित हुन्छन् ।

० १ २ ३ १५२. खाँचोमा परेकाहश्रुलाई भोजन तथा बास बस्ने ब्यवस्था मिलाइदिन आनन्दित हुन्छन् ।

० १ २ ३ १५३. परमेश्वरमा भरोसा गर्ने असाधारण क्षमता भएको ।

० १ २ ३ १५४. परमेश्वरको आत्माप्रति संबेदनशील भएको ।

० १ २ ३ १५५. संकलित तथ्यहरु र डाटाहरुभन्दा पनि पर रहेर अर्थ के हो सो देख्ने क्षमता भएको । शब्दहरु र घटनाहरु भन्दा पनि सिद्धान्तहरुमा स्थापित सैद्धान्तिक सत्यताहरु निर्माण गर्ने क्षमता भएको । ठूलो ईश्वरशास्त्रीय चित्र देख्न सक्ने क्षमता भएको ।

० १ २ ३ १५६. अलौकिकताको लागि बिश्वास भएको ।

० १ २ ३ १५७. परमेश्वरको लागि साहस भएको ।

० १ २ ३ १५८. पवित्र आत्माको आवाज प्रति संबेदनशील भएको ।

० १ २ ३ १५९. कहिल्यै नसिकेको भाषा ("भावबिभोर बोली") बोल्ने क्षमता भएको ।

० १ २ ३ १६०. कल्यै पनि नसिकेको भाषाको अर्थ खोल्ने अर्थात अन्य भाषाको अर्थ खोल्ने क्षमता भएको ।

० १ २ ३ १६१. बिस्तृत कार्यको लागि ठूलो चाख र सिप भएको ।

० १ २ ३ १६२. सजिलै जान सक्ने (जे भनेनी हुन्छ भन्ने) ।

० १ २ ३ १६३. परमेश्वरले परिस्थितिको सामना नगरिदिउन्जेलसम्म परमेश्वरको प्रतिज्ञालाई स्वीकार गरेर परिस्थितिको प्रयोग गर्ने ।

० १ २ ३ १६४. बिषयगत हुन अग्रसर हुने ।

० १ २ ३ १६५. सांस्कृतिक र अस्थाई तथा बिश्वब्यापी र अनन्त बीचको फरक के हो भनि छुट्याउन सक्ने ठूलो खुबी भएको ।

० १ २ ३ १६६. परमेश्वरले असंभवलाई संभव बनाईदिनुहुन्छ भनि परमेश्वरमा गहिरो बिश्वास भएको ।

० १ २ ३ १६७. बलियो ब्यक्तित्व प्राप्त गर्न अग्रसर हुने ।

० १ २ ३ १६८. ठीक र गलत छुट्याउन पारंगत ।

० १ २ ३ १६९. आश्चर्यकर्मको लागि परमेश्वरमा बिश्वास भएको ।

० १ २ ३ १७०. परमेश्वरको आन्तरिक तयारीका लागि संबेदनशील ।

० १ २ ३ १७१. राम्ररी संगठन गर्न वा मिलाउन सक्ने ।

० १ २ ३ १७२. मित्रवत् तथा बाहिर जान अग्रसर हुने ।

० १ २ ३ १७३. परमेश्वरको पूर्णतामा उहाँलाई अझ धेरै जनन्न र उहाँमा मात्रै पूर्ण रुपले भरोसा गर्न असाधारण चाहना भएको ।

० १ २ ३ १७४. आश्चर्यकर्मको लागि बिश्वास भएको ।

० १ २ ३ १७५. आफुले भनेको कुरामा दृढ र पक्का बिश्वास भएका

० १ २ ३ १७६. बिरामीहरुलाई निको पार्न परमेश्वरको साधन भएर प्रयोग गरिएको ।

० १ २ ३ १७७. रोगी बिरामीहरुलाई निको पार्न, कष्टमा परेकाहरुलाई छुट्कारा दिन, दुष्ट आत्मा लागेकाहरुलाई स्वतन्त्र पार्न परमेश्वरमा बिश्वास भएको ।

० १ २ ३ १७८. असल र खराब छुट्याउन सक्ने क्षमताका साथ सही र गलतबीचको भिन्नता भित्री रुपमा थाहा पाउने क्षमता भएको ।

० १ २ ३ १७९. सकृय प्रार्थनाको जीवन भएको ।

० १ २ ३ १८०. खीष्टियन अनुभव (भावना र महशुस गर्ने कुरा) भएको हृदयमा जोड दिने ।

० १ २ ३ १८१. जुनसुकै कुराको नजिक जाने कुरामा धेरै होशियार हुने ।

० १ २ ३ १८२. मानिसहरुलाई र घरमा समेत अरुहरुलाई सान्तवनाको महशुस गराउने क्षमता भएको ।

० १ २ ३ १८३. परिस्थितिहरुमा भन्दा परमेश्वरमा बिश्वास गर्ने ।

० १ २ ३ १८४. परमेश्वरका तरिकाहरुमा गहिरो ज्ञान भएको–उहाँले आफ्नो आत्माद्धारा कसरी काम गर्नुहुन्छ भन्ने ज्ञान भएको ।

० १ २ ३ १८५. स्वतन्त्र–अरुहरुबाट अनुमोदन नचाहने । आत्म–निश्चिन्त भएको–उनले परमेश्वर र उहाँले दिनुभएको वरदानहरु पाएको कारण उहाँसँगको संबन्धको कारणले आफुले बोलेको कुरामा बिश्वास गर्छन् ।

० १ २ ३ १८६. ठूलो अधिकारकासाथ बोल्ने र गर्ने ।

० १ २ ३ १८७. मानिसहरुको जीवन परिवर्तन गर्ने परमेश्वरको अलौकिक साधनको रुपमा आफुलाई सुलभ र प्राप्य बनाउने ।

० १ २ ३ १८८. गंभीर र आत्म विश्लेषक हुन र सजिलै निरास हुन सक्ने ।

० १ २ ३ १८९. अधिकारका साथ प्रार्थना गर्न अग्रसर हुने ।

० १ २ ३ १९०. रहस्यबादी अवस्थामा पुग्दा रहस्यवादी ब्यक्ति बन्न अग्रसर हुने ।

० १ २ ३ १९१. तथ्य र प्रमाणित डाटामा बलियो गरी आधारित भएर निर्णय गर्ने ।

० १ २ ३ १९२. मानिसहरुका लागि गहिरो प्रेम भएको र आफ्नो वरिपरी मानिसहरु हुँदा आनन्दित हुने ।

० १ २ ३ १९३. हाम्रो दैनिक कार्यहरुमा परमेश्वर सकृय हुनुहुन्छ भनि बिश्वास गर्ने ।

० १ २ ३ १९४. सत्यको लागि ठूलो प्रेम भएको र त्यही सत्यमा लागि रहने ।

० १ २ ३ १९५. रहस्यका कुराहरु बाँडचुँड गर्दा अधिकारका साथ बोल्ने ।

० १ २ ३ १९६. ब्यक्तिगत रुपमा मात्र नभएर खीष्टको पूर्ण शरीर अर्थात मण्डलीको स्वास्थ्यको लागि गहिरो वास्ता भएको ।

० १ २ ३ १९७. पवित्र आत्माद्धारा केहीगर्न खोज्दा प्रायः के भइरहेको छ भन्ने कुरो थाहा नपाउने तर परमेश्वरले अगुवाई गरेको बेलामा प्रतिकृया दिँदा केही कुराहरु हुन्छन् ।

० १ २ ३ १९८. डरपोक भएको बेलामा अन्तरमुखी किनारामा हुन झुकाव भएको ।

० १ २ ३ १९९. बालकको जस्तै बिश्वास गर्न चाहने ।

० १ २ ३ २००. अलौकिक रुपमा परमेश्वरले काम गरिरहनु भएको होस् भन्ने आशा गर्ने ।

० १ २ ३ २०१. आफ्नै इच्छा र चाहना भन्दा पनि झूण्डको भलाईको लागि बढी चाख लिने ।

० १ २ ३ २०२. एक्लो महशूस गरिरहेका वा सुबिधाबिहिन देखिएका मानिसहरु अर्थात अनौठा मानिसहरुप्रति संबेदनशील ।

० १ २ ३ २०३. असंभव कुराहरुको लागि परमेश्वरलाई भरोसा गर्ने ।

० १ २ ३  २०४. कठिन परिस्थितिहरुमा परमेश्वरबाट दिइएका विशेष वचनलाई वा सन्देशलाई बाँडचुँड् गर्ने क्षमता भएको ।

० १ २ ३  २०५. आफ्ना आत्मिक कुराहरुमा प्रवेश गर्न रहस्यवादी (मनन् गर्ने खालको) हुन अग्रसर हुने ।

० १ २ ३  २०६. आफ्ना वरदानहरुको प्रयोगका परिणामहरु क्सरी जान्ने भनेर कहिल्यै थाहा नपाएको वा दावी नगर्ने ।

० १ २ ३  २०७. साधारण र प्राकृतिक तरिकाहरु र शैलीको उत्कर्षमा पुर्याउने परमेश्वरको शक्तिसाली कार्यहरुको माध्यमको रुपमा उहाँद्धारा प्रयोग गरिएको ।

० १ २ ३  २०८. कुनै कुरो गलत हँदा असजिलो महशुस गर्ने ।

० १ २ ३  २०९. संवेगात्मक विन्दुमा पुग्दा भावनात्मक बन्न अग्रसर हुने ।

० १ २ ३  २१०. अन्यभाषामा आएको सन्देशलाई उनले अर्थ खोल्दा मण्डलीमा परमेश्वरको सन्देशलाई उहाँले पूर्ण गरिदिनुभएकोमा गहिरो सन्तुष्टिको महशुस गर्ने ।

० १ २ ३  २११. व्यवस्थित तरिकाले परियोजनाका धेरै बिस्तृत बिवरणहरुलाई सँगसँगै राख्न आनन्दित हुने ।

० १ २ ३  २१२. अपेक्षा नगरेको बेला घरमा पाहुनाहरु आउँदा सहर्ष स्वीकार गर्ने ।

० १ २ ३  २१३. परमेश्वरले गर्न सक्नुहुन्छ भन्ने कुरा बिश्वास गर्ने मात्र नभएर उहाँले हरेक व्यक्ति वा अवस्थालाई समेत भेट्नुहुनेछ भनि बिश्वास गर्ने ।

० १ २ ३  २१४. परमेश्वरको वचनको गंभिर विद्यार्थी ।

० १ २ ३  २१५. व्यवहारिक मात्र नभएर सैद्धान्तिक कुरामा लिप्त हुँदै ईश्वरशास्त्रीय रुपमा केन्द्रित हुन अग्रसर हुने ।

० १ २ ३  २१६. दुःख कष्ट भोग्नेका लागि दया गर्ने मनसाय भएको ।

० १ २ ३  २१७. परमेश्वरको महानता र महिमाको साक्षी दिने उहाँको शक्तिको प्रदर्शन गर्नलाई ठूलो वास्ता भएको ।

० १ २ ३  २१८. कुनै ब्यक्तिको वा उसले दिएको शिक्षा खराब वा असत्य भएको चाल पाएमा वा उसको बानी ब्यवहार असत्य लागेमा त्यस्तो ब्यक्तिको आत्मालाई तुरुन्तै र पूर्ण रुपले इन्कार गर्नुपर्छ भन्ने महशुस गर्छन् ।

० १ २ ३  २१९. सैद्धान्तिक जटिलताहरुमाथि गरिने तर्कहरु र छलफलहरुप्रति सजिलै निरास हुने र झिंझो लाग्ने (सामान्य बिवरणहरु वा बिवादास्पद मुद्धाहरुप्रति) ।

० १ २ ३  २२०. अन्यभाषामा बोल्ने क्षमता भएको ।

० १ २ ३  २२१. संस्थाको उद्धेश्य वा लक्ष्यलाई स्पष्टसँग नबुझी समितिले काम गरेको बेला निराश भैहाल्ने ।

० १ २ ३  २२२. घर नै अरुहरुलाई सेवकाई गर्ने साँचो स्थान हो भनि विचार गर्ने ।

० १ २ ३  २२३. परमेश्वर सधैं भरपर्दो र बिश्वासयोग्य हुनुहुन्छ भनि बिश्वास गर्ने ।

० १ २ ३  २२४. मानिसहरुसँग ब्यवहार गर्दा धैर्य गर्नुपर्छ भनि विचार गर्ने ।

० १ २ ३  २२५. बिषयगत हुन अग्रसर हुने ।

० १ २ ३  २२६. पवित्र आत्माको आवाजप्रति संबेदनशील हुने ।

० १ २ ३  २२७. ठूलो अधिकारकासाथ बोल्ने र काम गर्ने ।

० १ २ ३  २२८. अरुहरुको तर्कहरु वा युक्तिसंगत भनाईहरुलाई एकदम छिटो गरी बिश्लेषण गर्ने ।

० १ २ ३ २२९. मनलाई काबुमा राखेर हृदयमा जोड दिदै उपासनात्मक तवरले धर्मशास्त्रमा पैवेश गर्न अग्रसर हुने ।

० १ २ ३ २३०. कहिल्यै पनि नसिकिएको अन्यभाषाको उल्था गर्ने ।

